# कृषक समूह गठन तथा व्यवस्थापन (पहिलो संसोधन) निर्देशिका, २०७५

निर्देशिका प्रमाणिकरण मिति: २०७५।१२।२९गते

**प्रस्तावना:**

मादी नगरपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५लाई संसोधनगर्न बाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मादी नगरकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

**१.संक्षिप्तनाम र प्रारम्भ:**

(१) यस निर्देशिकाको नाम कृषि समूह गठन तथा व्यवस्थापन (पहिलो संसोधन) निर्देशिका, २०७५ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ को नियम १५ मा संसोधन :** कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ (यस पछि मूल निर्देशिका भनिएको) को नियम १५ पश्चात देहायका नियमहरु राखिएका छन् :

(१५ क) कृषक समूहले आफ्नो खर्च र बचत लगायतका सवै आयव्ययको हिसाब नगरपालिकाबाट तोकिएका लेखा परीक्षकहरुबाट वार्षिक लेखा परिक्षण गराउनु पर्नेछ ।

(१५ ख) **नगरपालिका अनुदान र कार्यक्रमहरुः** नगरपालिकाबाट कार्यक्रम स्वीकृत भई सम्झौता भएका परियोजना वा क्रियाकलापहरु सञ्चालनगर्दा जुन प्रयोजनका लागि सम्झौता भएको हो सोहि प्रयोजनमा खर्च गरी आवश्यक प्रतिवेदन, विलभर्पाइ र प्रमाण पेश गरी फरफराक गर्नुपर्नेछ ।

**३. मूल निर्देशिकाको नियम २६ को उपनियम ३ मा संसोधन :** मूल निर्देशिकाको नियम २६ को उपनियम ३ को सट्टा देहायको उपनियम राखिएको छ :

(३) कृषक समूहको नगर स्तरिय समिति गठन प्रक्रियाः कृषक समूहहरुको नगरस्तरिय समितिमा तपशिल अनुसारको पदाधिकारी रहनेछन्ः-

कृषक समूहका अध्यक्ष वा निजले तोकेको प्रतिनिधी सदस्यहरुको भेलाले लोकतान्त्रिक विधिबाट निर्वाचित गरेको - १ जना संयोजक

कृषक समूहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी सदस्यहरुको भेलाले लोकतान्त्रिक विधिबाट निर्वाचित गरेको - ८ जना सदस्य

आर्थिक विकास शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

**४. मूल निर्देशिकाको नियम २८ मा संसोधन :** मूल निर्देशिकाको नियम २८ पश्चात देहायको नियम थपिएको छ :

(२८ क) **पदावधि :** नगर तथा वडा स्तरिय कृषक समूहको पदाधिकारीहरुको पदावधि २ वर्षको तथा अन्य कृषक समूहका पदाधिकारीहरुको पदावधि बढीमा ३ वर्षको हुनेछ ।

(२८ ख) **विघटन र खारेजी:** नगर कार्यपालिकाले आवश्यक ठानेमा गठन भएका कृषक समूह वा वडा स्तरिय कृषक समूह वा नगरस्तरिय कृषक समूह जुनसुकै समयमा विघटन गर्न सक्नेछ ।

आज्ञाले,
आनन्द राज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत